

# बाल-अधिकार

खै कहाँ खोजूं बालअधिकार ?
गाँउका पाखा; डोका अनि नाम्लामा खोजू कि
खेतका प्रत्येक मेलापातमा खोजुँ ।
बारव्रा गोठालामा खोजुँ कि
गाडीका प्रत्येक ढोका–ढोकामा खोजुँ
या सहरको कोलाहलमा हराएका भरियाको भेषमा खोजू।
चुरोट र बिँडीका धुवाँमा खोजूँ कि !
जुठा भाँडाका रच्छयानमा खोजूँ ,
गलैचाको प्रत्येक तान-तानमा खोजूँ कि !
माग्ने भएर धनीका पछि दगुरेका भेषमा खोजूँ
या दु : ख वेदनाले भरिएका दु : खी मनमा खोजू ।
खै कहाँ खोजूं बालअधिकार ?

बाल उत्थान संस्थाका प्रत्येक फाइलमा खोजूँ कि ।
नेपाली कानुनी पुस्तकका प्रत्येक पानामा खोजूँ
सरकारी संस्थाका प्रत्येक ढोका-ढोकामा खोजूँ कि
या खाते भनिएर कहलिएका प्रत्येक अनुहारमा खोजूँ ।
खै कहाँ छ बालअधिकार, म कहाँ खोजूँ ?

सजना थापा
कक्षा- ९
मनकामना उच्च माध्यमिक विद्यालय